नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति: २०७४/११/१४

## प्रेस विज्ञप्ति

रङ र खुशीयाली साटासाटको पर्वको रुपमा लिईने फागु पर्व अर्थात होलीको अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीजनमा गृह मन्त्रालय हार्दिक शुभकामना व्यक्त गर्दछ । आपसी भातृत्व, प्रेम र सद्भावको चाडको रुपमा नेपाली माझ लोकप्रिय यस पर्वले धार्मिक-सांस्कृतिक सद्भाव अभिवृद्धि गरी मुलुकको सामाजिक विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ ।

फागु पर्वलाई असत्य र आसुरी प्रवृत्ति माथिको विजयको प्रतीकका रुपमा लिइन्छ । यस पर्वलाई धार्मिक एवम् सांस्कृतिक दृष्टिले मर्यादित र सभ्य ढंगले मनाउँदा मात्र फागु पर्वको महत्व सिद्ध हुने हुँदा रंगहरुको चाड फागु मनाउँदा मर्यादित र सभ्य ढंगले मनाउनु हुन गृह मन्त्रालय सम्पूर्ण नेपालीजनमा हार्दिक अनुरोध गर्दछ । फागु मनाउने नाममा कसैको इच्छा विपरीतका, जवरजस्ती, अमर्यादित, गैर कानूनी र भद्दा किसिमका कुनै पनि व्यवहार नगर्न नगराउनुहुन समेत मन्त्रालय विशेष आग्रह गर्दछ । इच्छा विपरित रंग दलिदिने, प्लाष्टिकका लोला प्रयोग गरी जनस्वास्थ्य र वातावरण प्रदुषित गर्ने, फोहोर पानी र रंग बाहेकका अन्य सामग्री प्रयोग गर्ने लगायतका धार्मिक र सांस्कृतिक मान्यता विपरीत उच्छृंखल एवम् छाडा र गैर कानूनी गतिविधि गरेको पाइएमा दोषी उपर प्रचलित कानून बमोजिम कडा कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

०७४।११।१४

नारायणप्रसाद शर्मा दुवाडी
सह सचिव / प्रवक्ता